## जापानमा बसोबास गरेका गैर-जापानी व्यक्तिहरूका लागि

# जापानको सार्वजनिक पेन्सन प्रणाली

**राष्ट्रिय पेन्सन प्रणाली** (NP) र कर्मचारी पेन्सन बीमा प्रणाली (EPI) समावेश भएको सार्वजनिक पेन्सन प्रणालीले तपाईंलाई वृद्धावस्थाको लागि मात्र नभई अपाङ्गता र मृत्यु जस्ता अप्रत्याशित घटनाहरूको लागि पनि बीमा लाभहरू भुक्तानी गर्दछ। तपाईंले अनिवार्य रूपमा योगदानहरूको मासिक भुक्तानी गर्नुपर्छ
जापानमा बसोबास सबै बासिन्दाहरूले, राष्ट्रियताको पर्वाह नगरी, 20 देखि 59 वर्ष बीचका सबै व्यक्तिहरूले (EPI का लागि 70 वर्षसम्मका उमेरका) कि त NP मा वा EPI मा अनिवार्य नाम दर्ता गर्नुपर्छ *

* यदि तपाईंको कार्यस्थलमा EPI मार्फत कभर गरिएको छ भने, EPI मा दर्ता गर्न आवश्यक छ।
* यदि तपाइँ जापानसँग **सामाजिक सुरक्षा सम्झौताहरू (Social Security Agreements)** भएको देशबाट अस्थायी रूपमा (5 वर्ष वा सो भन्दा बढी नभएको) जापानमा काम गर्न पठाइनुभएको छ भने जापानको सार्वजनिक पेन्सन प्रणालीको अनिवार्य कभरेजबाट छुट पाउने सम्भावना छ।

## राष्ट्रिय पेन्सन प्रणालीका मुख्य बुँदाहरू

यदि तपाइँ EPI मार्फत कभर गरिएको छैन भने, तपाइँले तपाइँको आफ्नो स्थानीय म्युनिसिपल अफिस (नगरपालिका कार्यालय) मा NP मा नाम दर्ताको लागी प्रक्रिया आफैं गर्नु आवश्यक छ।

NP **बाट निम्न फाइदाहरू पाउनु हुनेछ, जब:**

- **तपाईं बूढो हुनुहुन्छ**
- **तपाईंलाई कुनै रोग वा चोटका कारण गम्भीर अपाङ्गता हुन्छ**
- **तपाईंको परिवारमा आम्दानी गरिदिने व्यक्तिको मृत्यु हुन्छ**

वृद्धावस्था पेन्सन (old-age pension) र अपाङ्गता पेन्सन (disability pension) तपाईंलाई भुक्तान गरिनेछ जबकि सर्भाइभर्स पेन्सन (survivors' pension) चाहि पति/पत्नी र बच्चाहरू सहित आश्रित जीवित व्यक्तिहरूलाई भुक्तान गरिनेछ। लाभहरू प्राप्त गर्न, तपाईंले चाहिने आवश्यक सर्तहरू पूरा गरेको हुनुपर्ने छ।

यदि तपाईं जापान छोडेर अन्य देशमा बसोबास गर्न जानु हुन्छ भने, **एकमुष्ट रकम भुक्तानी प्राप्त गर्न सक्नुहुन्छ।**

तपाईंले 6 महिना वा सोभन्दा बढी बीमा योगदान रकमहरू तिर्नु पर्ने जस्ता आवश्यक सर्तहरू पूरा गर्नु भएको छ र जापान बाहेकको अन्य राष्ट्रमा बसोबास गर्न जापानबाट हिँड्नु भएको छ भने, एकमुष्ट रकम भुक्तानी प्राप्त गर्न सक्नु हुनेछ।
**नोट:** एकमुष्ट रकम भुक्तानीको लागि आवेदन गर्नु अघि, हामी तपाईंलाई भविष्यमा पेन्सन लाभहरू प्राप्त गर्न सकिने सम्भावनाहरू जस्ता महत्त्वपूर्ण बुँदाहरू विचार गर्न अत्यन्त आग्रह गर्दछौं। अन्य विस्तृत विवरणहरूको लागि, कृपया जापान पेन्सन सेवा वेबसाइट -- एकमुष्ट रकम भुक्तानी पृष्ठ हेर्नुहोस्।

**तपाईंले NP योगदान रकमको रूपमा** 16,980 **येन * प्रति महिना तिर्न जरूरी छ।**

यदि तपाईंले अग्रिम वा अटोमेटिक बैंक एकाउन्ट ट्रान्सफरमार्फत भुक्तानी गर्नुभयो भने हामीले योगदानका रकमहरूमा छुट दिने गरेका छौं।
* आर्थिक वर्ष 2024 (अप्रिल 2024 देखि मार्च 2025 सम्म) को मासिक योगदान रकम

यदि NP योगदानहरू तिर्न आर्थिक रूपमा गाह्रो छ भने, **तपाईंले योगदान छुटको लागि आवेदन दिन सक्नुहुन्छ।**

यदि कम आय भएको वा बेरोजगार स्थिति रहेको जस्ता आवश्यक सर्तहरू पूरा हुन्छन् भने, तपाईंको योगदानमा रकम मिनाहा हुनेछ। विद्यार्थीहरूले योगदान रकम भुक्तानी गर्ने समय लम्ब्याउनका निमित्त विशेष भुक्तानी प्रणाली (Special Payment System) का निमित्त आवेदन दिन सक्नुहुनेछ।

## कर्मचारी पेन्सन बीमा प्रणाली (EPI)

- यदि तपाईंको कार्यस्थल EPI मार्फत कभर गरिएको छ भने, तपाईंले अनिवार्य रूपमा EPI मा नाम दर्ता गर्नुपर्छ।
- तपाईंको दर्ता प्रक्रियाको लागि तपाईंको रोजगारदाता जिम्मेवार हुन्छ। तपाईंको योगदान रकमको आधा तपाईंको रोजगारदाताले र आधा तपाईं स्वयंले भुक्तनी गर्नु पर्छ। तपाईंको रोजगारदाताले तपाईंको तलबबाट तपाईंको योगदान कटौती गर्दछ र सरकारलाई आफ्नो भाग सहित सँगै भुक्तानी गर्दछ।
- EPI ले वृद्धावस्था पेन्सन (old-age pension), अपाङ्गता पेन्सन (disability pension) वा सर्भाइभर्स पेन्सन (survivors' pension) र एकमुष्ट रकम भुक्तानीहरू (Lump-sum Withdrawal Payments) पनि प्रदान गर्दछ।

- यदि सार्वजनिक पेन्सन प्रणालीकोबारेमा तपाईंसँग कुनै प्रश्नहरू भएमा कृपया आफ्नो स्थानीय म्युनिसिपल अफिस , JPS शाखा कार्यालय वा बहुभाषी नि:शुल्क दोभाषे सेवा सहितको कल सेन्टर "नेन्किन डायल (NENKIN Dial)" मा सम्पर्क गर्नुहोस्।
- सार्वजनिक पेन्सन प्रणालीको बारेमा विस्तृत जानकारीको लागि, कृपया जापान पेन्सन सेवा वेबसाइट हेर्नुहोस्।
  https://www.nenkin.go.jp/international/index.html

日本年金機構
Japan Pension Service

2404 1016 102